सम्माननीय सभामूखज्यू,
संघीय संसद सचिवालय,
सिंहदारबार, काठमाण्डै ।

मार्फत :-
महासचिव,
संघीय संसद सचिवालय,
सिंहदारबार, काठमाण्डै ।

विषय : महाभियोग प्रस्ताव पेश गर्ने सूचना बारे ।

महोदय,

सम्माननिय प्रधान न्यायाधीश श्री चोलेन्द्र संशेर ज.ब.रा.ले तल उल्लेखित संविधान विपरित तथा पदिय जिम्मेवारी विपरितका कार्यहरुगरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानूनको गम्भीर उल्लंघन गरेको,कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमान्दारीपूर्वक आफ्नो पदिय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेकोले नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ को दफा ३ को उपदफा (१) र (२) एवं प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ समेत बमोजिम प्रतिनिधिसभामा तत्काल कायम रहेका हामी एक चौथाई भन्दा बढी सदस्यहरु भै यो महाभियोग प्रस्ताव पेशहुने सूचना गरेका छौ :

महाभियोग लगाउनु पर्ने आधार र कारणहरु :

१. लोकतन्त्र, मानवअधिकार, जनताको न्याय, विधिको शासन, सवैधानिक सर्वोच्चता एवं स्वतन्त्र, सक्षम, निश्पक्ष र जिम्मेवार न्यायपालिकाको जगेर्ना गर्न वर्तमान प्रधान न्यायाधीश असक्षम रहेका छन,

२. सर्वोच्च अदालत लगायत न्यायपालिका भित्र नै निजको कार्यकालमा अतिशय विकृति, विसंगती, भ्रष्टाचार तथा बिचौलियाहरुले प्रवेश पाएको र प्रभाव वढाउदै लगेको अवस्था विद्यमान छ,

३. नेपालको संविधानले स्वतन्त्र, सक्षम, निश्पक्ष र जिवाफदेही न्यायपालिकाको परिकल्पना गरी तदनुरुपको संवैधानिक प्रवन्ध गरेको छ । संविधानले परिकल्पना गरेको मूल्य र आदर्श सहितको न्यायपालिकाको लागि न्यायाधीशहरुलाई सोही अनुरुपको सेवा सुविधा र सेवाका शर्तहरु संविधान र कानूनद्वारा नै तोकिएका छन् । शक्ति पृथकीकरण र शक्ति सन्तुलन सिद्धान्तका सम्पूर्ण अवयवहरुलाई आत्मसात गरी नेपालको संविधानले न्यायपालिका तथा त्यसमा कार्यरत न्यायाधीशहरुलाई स्वतन्त्र र निर्भिकताको साथ इमान्दारीतापूर्ण ढंगले पदीय कर्तव्य निर्वाह गर्ने संवैधानिक दायित्व सुम्पिई त्यो शर्तमा नेपाली जनताले बुझाएको करबाट स्थापित सर्व-संचित कोषबाट निजहरुले पारिश्रमिक, सेवा र सुविधा प्राप्त गर्ने व्यवस्था गरेको छ । संविधानको पवित्र उद्देश्य र संवैधानिक दर्शनलाई सम्पूर्ण रुपमा भताभुंग र नष्ट गर्ने गरी स्वयं पदासीन निज प्रधान न्यायाधीशबाट उक्त संवैधानिक जिम्मेवारीलाई आफ्नो निजी सम्पत्ति सरह स्वेच्छाचारी ढंगले देखादेखी दुरुपयोग गरेकोले नेपालको सिंगो न्याय क्षेत्र र कानूनको रक्षा

एवं स्वतन्त्र र सक्षम न्यायपालिकाको श्रीवृद्धि गर्नु पर्ने अहंम दायित्व बोकेका प्रधान न्यायाधीशले सो अनुरुपको कर्तब्य पालन गर्न असक्षम तथा पूर्णतः विफल हुन पुगेका छन्,

४. न्यायपालिका संविधानको अन्तिम ब्याख्याता हो भने यसको नेतृत्व गर्ने प्रधान न्यायाधीश न्यायप्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्राप्त पदाधिकारी हुन । प्रधान न्यायाधीशले नियुक्ति हुनासाथ संविधान र कानूनको संरक्षण, सम्बर्धन र रक्षाका लागि सपथ लिएको मानिन्छ । तर, दुर्भाग्य नै भन्नु पर्छ नेपालको न्यायिक नेतृत्वमा पदासीन प्रधान न्यायाधीश श्री चोलेन्द्र संशेर ज.ब.रा.का कार्यहरु एकपछि अर्को विवादास्पद, आपत्तिजनक पदीय मर्यादा र आचरण विपरित एवं संविधान र कानून विपरित हुँदै गएका छन् । लोकतन्त्रमा न्यायापालिकालाई संविधानको अन्तिम ब्याख्याता र राज्यका अन्य अंगहरुमाथि शक्ति सन्तुलन (Check and Balance) कायम राख्ने महत्वपूर्ण निकायका रुपमा लिइन्छ । सक्षम एवं सशक्त न्यायालयको अभावमा सिंगो संविधान र त्यसले परिकल्पना गरेका कुनै पनि व्यवस्थाहरु यथार्थतामा कार्यात्मक (Functional) र जीवन्त हुन सम्भव छैन । यसका लागि न्यायालय सम्पूर्ण रुपमा स्वतन्त्र, सक्षम, निष्पक्ष, स्वच्छ, भ्रष्टाचारमुक्त र जिम्मेवार हुन जरुरी हुन्छ । "न्याय र शीलता" न्यायालयको पहिलो गुण (Virtue) हो । त्यसैले न्यायालयलाई न्यायको अन्तिम उपाय(LastResort) भनिएको हो । जसको प्राप्ती केवल स्वच्छ,सक्षम र स्वतन्त्र न्यायालयबाट मात्र सम्भव छ । संविधानमा अन्तरनिहित प्रस्तुत दर्शनको यथार्थ कार्यान्वयनका लागि न्यायिक नेतृत्वगर्ने प्रधान न्यायाधीशको सक्षमता, इमान्दारिता, संवैधानिक नैतिकता र आचरण सबै भन्दा अहं हुन जान्छ । कुनै पनि बहालवाला प्रधान न्यायाधीशसंग एउटा सफल संविधान र स्वतन्त्र न्यायपालिकाले अपेक्षा गर्ने र गरेका कुनैपनि गुण र विषेशताहरु प्रधान न्यायाधीश राणासँग अब बाँकी नरहेकोले निजलाई पदमा कायम राखीरहन न्यायिक मूल्य र मर्यादाले उपयुक्ति देखिदैन,

५. प्रधान न्यायाधीशको उच्च पदीय जिम्मेवारीका अतिरिक्त नेपालको संविधानको धारा १३६ द्वारा पदासीन प्रधान न्यायाधीशलाई अति उच्च विश्वासकासाथ प्रदान गरेको संवैधानिक दायित्व पूरा गर्न सम्मानानिय प्रधान न्यायाधीश राणा असक्षम रहेको, न्यायालयको साख, इज्जत, प्रतिष्ठा, प्रभावकारिता र जनआस्थालाई श्रीवृद्धि गर्ने संवैधानिक दायित्वबाट निज पूर्ण रुपमा विमुख र विफल भएको तथा प्रधान न्यायाधीश राणामा पदीय जिम्मवारी, संवैधानिक आचरण र नैतिकता एवं कार्यक्षमता समेत नदेखिएको कारणले निजलाई महाभियोग लगाउनु पर्ने पर्याप्त आधार, कारण एवं अवस्था विद्यमान देखिएको छ,

६. संवैधानिकता परीक्षण गर्न दायर भएका रिट निवेदनहरुको समयमै निज प्रधान न्यायाधीश राणाले निरुपणको व्यवस्था गर्नु पर्नेमा पदीय जिम्मेवारी विपरितका कार्य गरी न्यायमा विचलन ल्याएका छन । वस्तुतः न्यायिक अधिकार न्याय छिटो छरीतो निरुपणका लागि हो न कि न्यायिक पदाधिकारीको आफ्नो वा अन्य कसैको निहित स्वार्थ परिपूर्तिको लागि दुरुपयोग गर्ने हो,

७. संवैधानिक परिषदको सदस्यको हैसियतमा प्रधान न्यायाधीश राणा आफू समेत संलग्न भई विभिन्न संवैधानिक अंगका पदाधिकारीहरुको नियुक्ति सम्बन्धमा परेका रिट निवेदनहरुको एक बर्ष सम्म पनि पाराम्भिक सुनुवाईसम्म पनि नगरी न्यायमा गम्भीर अवरोध र विचलनको अवस्था सृजना गरेको सार्वजनिक भएको यथार्थ हो । प्रधान न्यायाधीश राणाबाट गरिएको विचलन, अवरोध छिप्न सक्दैन र जगजाहेर भइसकेको छ । प्रधान न्यायाधीशले आफूले अध्यक्षता गर्नु पर्ने संवैधानिक इजलाशको काम

कारबाहीलाई अवरुद्ध गरी संबिधानको कार्यान्वयनमै गम्भीर अवरोध सृजना गरेको प्रमाणित तथ्यले निजले पदीय कर्तब्य पालना नगरेको प्रमाणित भएको ,

८. सशस्त्र प्रहरीका तत्कालिन बरिष्ठ अधिकृत रञ्जन कृष्ण कोइराला सम्लग्न ज्यान मुद्धामा मातहत अदालतबाट भएको फैसला उल्टी गरी गैर कानूनी ढंगले कैद घटाएको प्रश्नमा उक्त मुद्धा पुनः सर्वोच्च अदालतमा विचाराधीन रहेकोमा त्यस्तो संगीन मुद्धाको शिघ्र सुनुवाई गरी गराई न्यायिक मूल्य पुनर्स्थापित गर्नु पर्नेमा आफैले पटक पटक पेशी स्थागित गरेको र त्यति संवेदनशील बिचाराधीन मुद्दालाई प्रभावितगर्ने गरी सार्वजनिक रुपमै फैसलाको ब्याख्या गर्दै त्यसको प्रतिरक्षा गरेको देखिएको छ । प्रधान न्यायाधीशले सरकारी प्रवक्ता जस्तो भई इजलाश बाहिर आफ्नो फैसलाबारे बोल्दै हिंड्नु र टिकाटिप्पणी गर्नु अदालतको गरिमा र पदीय मर्यादा अनुकुलको आचरण होईन, हुन सक्दैन,

९. भ्रष्टाचारको अभियोग लागेका मुद्धाको छिटो छरितो सुनुवाई गर्ने प्रयोजनका लागि विशिष्टकृत अदालतको रुपमा विशेष अदालतको गठन र शिघ्र न्याय सम्पादनको व्यवस्था विगत २ दशक अघिदेखि भएकोमा उक्त अदालतमा महिनौ देखि न्यायाधीशको पदपूर्ती गर्न अनिच्छुक रही निजले सो विशेष न्याय प्रक्रियामा समेत अवरोध सृजना गरेका छन,

१०. प्रधान न्यायाधिश तथा न्यायाशीहरुले आफूसँग सम्बन्धित वा आफ्नो स्वार्थ सन्निहित मुद्धाको सुनवाईमा आफु संलग्न नहुने भनि संवैधानिक इजलाशबाटै निर्णय गरे पश्चातपनि प्रधान न्यायाधीश राणाले इजलासमा बसेर ब्यक्त गरेको आफ्नो राय बिपरीतको विषयवस्तु बनाई संवैधानिक इजलासको सुनुवाई रोकी पाँउ भनी परेको रिट निवेदनलाई अस्वाभाविक तरिकाले निजले पूर्व-अभ्यास विपरित एकल इजलास समक्ष पेशीमा चढाई संवैधानिक इजलाशलाई अनिश्चित कालसम्म अवरुद्ध गर्ने प्रबन्ध मिलाउन प्रधान न्यायाधीश चोलेन्द्र शमशेर ज.ब.रा. ले मूख्य भूमिका निर्वाह गरी संविधानको धारा १३७ ले प्रदान गरेको अधिकारको स्पष्टतः दुरुपयोग गरेको देखिएको छ,

११. प्रधान न्यायाधीशको नियुक्तको क्रममा संसदीय समितिबाट सुनुवाई हुँदाका बखत निज प्रस्तावित प्र. न्या. राणाले सार्वभौम संसद समक्ष गरेका प्रतिवद्धता विपरित न्यायाधीशको पदपूर्ति र उचित समय भित्र मुद्दाको फर्स्योट गर्न असक्षम रही निरन्तर न्यायमा अवरोध सृजना गरी आफू संविधानतः प्रधान न्यायाधिशको नेतृत्वको जिम्मेवारी बहन गर्न पूर्ण असक्षम सिद्ध भैसकेको र संसदीय सुनुवाईका बखत व्यक्त निजको प्रतिवद्धता निजका काम कारबाहीबाट भूठो सावित हुन गएको छ,

१२. संवैधानिक परिषदको पदेन सदस्यको रुपमा कार्यपालिकासंग हिस्सेदारी माग गरी संवैधानिक आयोग तथा अन्य आयोगहरुमा आधार, कारण र मापदण्ड समेत निर्धारण नगरी आफ्ना परिवारका सदस्य तथा निकटका व्यक्तिहरुलाई प्रधान न्यायाधीश राणाले नियुक्तिको सिफारिश गरेको कुरा सार्वजनिक भइसकेकोले पनि त्यस्तो सम्मानीत पदमा आसीन व्यक्तिले प्रधान न्यायाधीशको पदको घोर अपमान एवं दुरुपयोग हुने गरेको पुष्टी भएको छ,

१३. न्यायपालिकाको विकृति, विसंगति र भ्रष्टाचारको सम्बन्धमा अध्ययन गर्न आफैद्वारा गठित माननीय न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वको समितिको प्रतिवेदन प्राप्त भएपछि पनि सो प्रतिवेदन लागु गर्न अनिच्छुक तथा असक्षम देखिएको र सो प्रतिवेदन बुझ्ने क्रममा तत्काल कार्यान्वयनको प्रतिबद्धता प्रधान न्यायाधीश राणाले व्यक्त गरेपनि सोही प्रतिवेदनका बिरुद्धमा अभिव्यक्ति दिई पदिय मर्यादा विपरीत कार्य गरेको प्रष्ट छ,

१४. सर्वोच्च अदालतमा साप्ताहिक तथा दैनिक मुद्धाको पेशी र न्यायाधीश तोक्दा कुनै निश्चित आधार, मापदण्ड र मान्य प्रचलन एवं अभ्यासको पालना नगरी, मनोमानी र अपारदर्शी आधारमा इजलास गठन गर्ने र मुद्धा तोक्ने, न्यायाधीश तोक्दा खास खास किसिमका मुद्दाहरु आफ्नो इजलाशमा वा नियन्त्रणमा पर्ने गरी इजलाश तोकेर न्यायापालिकालाई निरन्तर विवादमा ल्याएको र न्यायपालिकाभित्र न्यायाधीशहरुका बिचमा पनि गुट-उपगुट सृजना गरी न्याय दिन बसेका न्यायाधीशबीच नै आशंका, अन्योल र उदासीनताको वातावरण सृजना गरी अदालतको न्यायिक कार्य सञ्चालनमा बाधा-अवरोध पुऱ्याएको ।

१५. न्यायपरिषदको अध्यक्षको हैसियतले सबै तहका अदालतका न्यायाधीशहरुको नियुक्ति गर्दा निश्पक्ष एवं पारदर्शी रुपमा गर्नु पर्नेमा मनोमानी ढंगले नियुक्ति गरेको, नियुक्त भएका कतिपय व्यक्तिहरुको योग्यता, क्षमता र अनुभव नभएकोले त्यस्तो गैर कानूनी नियुक्तिको कानूनी र नैतिक दायित्व निज प्रधान न्यायाधीशबाट पालना नभएको, निजको सक्रियतामा नियुक्त न्यायाधीशहरु स्वीकार्यतामा नै प्रश्न चिन्ह खडा भएको छ,

१६. आफ्नै परिवारका सदस्य र नातागोताका व्यक्तिहरु एवं आफूले नियुक्त गरेका कतिपय न्यायाधीश र पदाधिकारीहरुलाई बिचौलियाको रुपमा संलग्न गराई भ्रष्टाचार र अनियमितता गरी अबैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा सम्लग्न रहेको, निजले आफ्ना परिवारका नाममा जोडेका सम्पत्तिको विवरण सार्वजनिक भएपछिको जानकारीबाट पनि प्रधान न्यायाधीश राणाको आचरण, पदीय मर्यादासँग अमिल्दो र विल्कुल अस्वाभाविक देखिन आएको छ । त्यतिमात्र होईन, यसबाट प्रधान न्यायाधीशको सम्मानित पद मुलुकको संविधान र कानूनको रक्षा गर्न वा भोका निमुखा अन्यायमा परेका जनताको रक्षाका लागि होईन आफू र आफ्ना परीवार एवं सीमित घेराका निहित स्वार्थी बिचौलियाहरुको हकहितको सम्बर्द्धन र संरक्षण गर्नका लागि निजबाट पदको दुरुपयोग भइरहेको भन्ने जनमानसमा पर्न गई न्यायापालिकाको छविमा गम्भीर असर र अनास्था उत्पन्न हुनगएको छ । साथै प्रधानन्याधिश स्वयं भ्रष्टाचार र अनियमितता गरी अबैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा सम्लग्न रहेको विषयमा सम्पत्ति शुद्धीकरण लगायतका नियमनकारी निकायमा छानविनको माग भै उजुरी समेत परेकोले यस सम्बन्धमा समेत छानविन गर्न महाअभियोगको कारवाहि चल्न आवश्यक रहेको छ,

१७. मिति २०७८।०७।०८ पश्चात निज प्रधान न्यायाधीश राणामाथिको आशंका र अविश्वास तथा निज स्वयंको गैरन्यायिक आचरणका कारणले इजलाशमा निज बस्न नसकेको, संविधानले परिकल्पना गरेको सक्रिय प्रधान न्यायाधीशको अवधारणा निश्कृय हुन गएको छ । प्रधान न्यायाधीश राणाले आफ्नै कार्य तथा आचरणबाट निज प्रधान न्यायाधीशको पदीय जिम्मेवारी पालना गर्न गराउन असक्षम एवं असमर्थ रहेको निर्विवाद सिद्ध छ । कोभिड जस्तो संक्रमणबाट पिडित भई अस्पताल भर्ना भएको अवधिमा समेत बिदामा नबसी प्रचलित कोभिड संक्रमण सम्बन्धी कानूनको उल्लंघन गर्नेकार्य गरी सर्वोच्च अदालतलाई जानी जानी नेतृत्वविहिन बनाई नेपालको संविधानको धारा १२९(६) को ठाडो उल्लंघन गरेको,

१८. अन्य एवं सहकर्मी माननीय न्यायाधीहरु प्रधान न्यायाधीशसंग इजलाशमा संगै बसी न्याय सम्पादन गर्न तयार नभएको तथ्यलाई निज स्वयंले स्वीकार गर्दै प्रधान न्यायाधीशको रुपमा निजमाथि आक्षेप लाग्दा पनि केवल हाजीर जनाएर निवास फर्कने गरेबाट प्रधान न्यायाधीश राणाको नेतृत्वमा सर्वोच्च अदालत सञ्चालन हुन असम्भव हुन गएको छ,

१९. प्रधान न्यायाधीश सहित बसी बैठक सञ्चालन गरी संवैधानिक र कानूनी कर्तव्य पालना गर्नु पर्ने न्यायपरिषद एवं न्याय सेवा आयोगको बैठक लामो अवधिदेखि बस्न नसकेको, यसका कारण न्यायाधीश एवं न्याय सेवाका कर्मचारीको नियुक्ति, सरुवा, बढुवा लगायत वृत्ति विकासको अनिवार्य कार्यहरु अवरुद्ध हुन पुगेको जानकारी राख्दा राख्दै पनि विगत ३ महिना देखि सर्वोच्च अदालत लगायत सम्पूर्ण न्यायपालिका नेतृत्वविहिन तथा जिम्मेवारीविहिन स्थितिमा पुऱ्याएको साथै सर्वोच्च अदालतको पूर्ण बैठक समेत कानून एवं संविधान सम्मत रुपमा बसाउन नसक्ने लज्जास्पद अवस्था खडा गरेका छन । यसका अतिरिक्त न्यायप्रशासन ऐन २०७३ बमोजिम न्याय परिषदले मात्र न्यायाधिशको सरुवा गर्न सक्नेमा उच्च विषेश अदालत समेतका न्यायाधिशलाई काज सरुवा गरी पदको दुरुपयोग गरेको अवस्था छ ,

२०. मुलुकको कानून प्रणालीलाई दीर्घकालीन प्रभाव छाड्ने विधिशास्त्रीय महत्वको कुनै योगदान पुऱ्याउन निज प्रधान न्यायाधीश असफल भएका छन् । जनताका निमित्त अन्धकार र बिचौलियाका निमित्त सुरक्षित स्वर्गको रुपमा (Safe heaven) न्यायपालिकालाई स्थापित गर्ने र सञ्चालन गर्ने असंवैधानिक एवं अमर्यादित हरकतबाट न्यायपालिकालाई मुक्ति दिलाउनु अपरिहार्य भएको छ,

२१. पूर्व न्यायाधीश, नागरीक समाज, नेपाल बार एशोसिएशन एवं सर्वोच्च अदालत बार एशोसिएशन समेतबाट प्रधान न्यायाधीशको कार्यमा गम्भीर प्रश्न खडा गरी अविश्वास प्रकट गरेको र उल्लिखित बार एशोसिएशनले प्रधान न्यायाधीशको सर्वोच्च अदालत प्रवेशमा रोक लगाउन १०० दिन भन्दा अघि देखि धर्ना, जुलुस, सभा सम्मेलन समेतका विभिन्न कार्यक्रम गर्दै आएको र सिंगो न्यायिक प्रणाली अवशाद(Depression)को स्थितिमा रही संवैधानिक प्रणाली सुसञ्चालन हुनमा बाधा उत्पन्न भईरहेको र तत्काल यो परिस्थितिबाट न्यायोचित निकास दिनका लागि महाभियोगद्वारा निजको पदमुक्ति अति आवश्यक हुन आएको छ । नेपाल राष्ट्रको सबैभन्दा सम्मानित एवं मर्यादित राख्नु र देखिनु पर्ने प्रधान न्यायाधीशको पदलाई आफ्नै गैरजिम्मेवारीपन, अधिकारको दुरुपयोग एवं अनैतिक आचरणको कारणले अत्यन्त विवादित बनाई न्यायिक गतिरोध सृजना गरेकोले प्रधान न्यायाधीश श्री चोलेन्द्र संशेर ज.ब.रा.लाई महाभियोग प्रस्ताव पारित गरी पदमुक्त गर्नुको कुनै विकल्प छैन,

अत, उपरोक्त वर्णित आधार, प्रमाण र कारणहरुबाट नेपालको संविधानको धारा १०१ को उपधारा (२) अवस्था विद्यमान हुनआएकोले सोही धारा अनुरुप निज विरुद्ध महाअभियोगको प्रस्ताव पेश गरेका छौं । यो प्रस्तावलाई विधिपूर्वक अगाडि बढाई निजलाई पदमुक्त गरी पाऊँ ।

प्रस्तावक प्रतिनिधि सभा सदस्यहरु

१. देव प्रसाद गुरुङ (प्रमुख सचेतक, ने.क.पा.(माओवादी केन्द्र))
२. पुष्प बहादुर (शाह) सचेतक, ने.का
३. जीवन राम श्रेष्ठ प्रमुख सचेतक नेकपा एकीकृत समाजवादी

समर्थक प्रतिनिधि सभा सदस्यहरु

१. गिरेन्द्र प्रसाद रिजाल

| | | |
|---|---|---|
| २ | जिपदिरिङ लामा | [signature] |
| ३ | महेन्द्र कुमारी लिम्बु | [signature] |
| ४ | डिला छिरिङ्ल्हा घेल | [signature] |
| ५ | रंगमती शाही | [signature] |
| ६ | सरवत आरा खानम हलवाईनी | [signature] |
| ७ | [illegible] | [signature] |
| ८ | बहादुर [illegible] लामा (तामाङ) | [signature] |
| ९ | मान बहादुर विश्वकर्मा | [signature] |
| १० | मिना खड्का | [signature] |
| ११ | अभिषेक प्रताप शाह | [signature] |
| १२ | पद्म नारायण चौधरी | [signature] |
| १३ | दिव्य मार्गी [illegible] | [signature] |
| १४ | मीन बहादुर विश्वकर्मा | [signature] |
| १५ | लाक्पा काजि गुरुङ | [signature] |

| | | |
|---|---|---|
| १६ | मोहन आचार्य | |
| १७ | तेजुलाल चौधरी | |
| १८ | सीताराम महतो | |
| १९ | गगन [illegible] | |
| २० | भीमसेन दास प्रधान | |
| २१ | देव नारायण तिमल्सीना | |
| २२ | पार्वता डि.सी. (चौधरी) | |
| २३ | राजेन्द्र कुमार केसी (ल) | |
| २४ | सत्यनारायण शर्मा खनाल | |
| २५ | विमला नेपाली | |
| २६ | प्रकाश मान, सिंह | |
| २७ | देवेन्द्र राज कण्डेल | |
| २८ | राम बहादुर विष्ट | |
| २९ | नमिता चौधरी | Namita |
| ३० | किशोर सिंह राठौर | |

| | | |
|---|---|---|
| ३१ | श्रीशांक कोइराला | श्रीशांक कोइराला |
| ३२ | स्मृति ना० चोधरी | स्मृति |
| ३३ | सुजाता कोइराला | सुजाता कोइराला |
| ३४ | प्रमोद कु० यादव | [signature] |
| ३५ | लक्ष्मी परियार | [signature] |
| ३६ | प्रकाश रसाइली स्नेही | [signature] |
| ३७ | संजय कुमार गौतम | [signature] |
| ३८ | हिरा गजमड्डा | [signature] |
| | | |

| | | |
|---|---|---|
| ३९ | अन्जना विशंखे | |
| ४० | अमनलाल मोदी | |
| ४१ | अमृता थापा | |
| ४२ | इन्दु कुमारी शर्मा | |
| ४३ | ओनसरी घर्ती | |
| ४४ | कमला रोका | |
| ४५ | कृष्णबहादुर महरा | |
| ४६ | गंगा बहादुर तामाङ | |
| ४७ | गजेन्द्र बहादुर महत | |
| ४८ | गिरिराजमणि पोखरेल | |
| ४९ | चक्रपाणी खनाल | |
| ५० | चाँदतारा कुमारी | |
| ५१ | चुडामणी खड्का | |
| ५२ | छक्क बहादुर लामा | |
| | | |
| ५३ | जयपुरी घर्ती | |
| ५४ | टेक बहादुर बस्नेत | |
| ५५ | दिल कुमारी साह | |
| ५६ | दुर्गा कुमारी वि.क. | |
| ५७ | दुर्गा बहादुर रावत | |
| | | |

| | | |
|---|---|---|
| | [illegible] बापागाँई | |
| ५९ | पूर्ण कुमारी सुवेदी | |
| | | |
| | | |
| ६० | मातृका प्रसाद यादव | |
| ६१ | यशोदा गुरुङ सुवेदी | |
| ६२ | रामकुमारी चौधरी | |
| ६३ | रामेश्वर राय यादव | |
| ६४ | रेखा शर्मा | |
| ६५ | वर्षमान पुन | |
| ६६ | विना मगर | |
| ६७ | शक्ति बहादुर बस्नेत | |
| | | |
| ६८ | शिव कुमार मण्डल | |
| ६९ | श्याम कुमार श्रेष्ठ | |
| ७० | सत्य पहाडी | |
| ७१ | सन्त कुमार थारु | |
| ७२ | सुदन किराँती | |
| ७३ | सुरेन्द्र कुमार कार्की | |
| ७४ | सुरेश कुमार राई | |
| ७५ | सुरेशचन्द्र दास | |
| ७६ | हरिबोल प्रसाद गजुरेल | |
| ७७ | हरिराज अधिकारी | |
| ७८ | हित बहादुर तामाङ | |
| ७९ | हेम कुमार राई | |

गोपाल बहादुर बम
८१-कृष्ण लाल महर्जन
८२-कल्पाणी कुमारी खड्का
८३-धन बहादुर बुढा

८४- पार्वतीकुमारी विश्वुङ्के
८५- सोम प्रसाद पाण्डेय
८६- कालिला श्वाङ्ग
८७- सरला कुमारी यादव
८८ पैटमणि चौधरी

८९-पुष्पा कुमारी कर्ण कायस्त
९०- हिरा चन्द्र
९१- लक्ष्मी कुमारी चौधरी
९२- बीना देवी बुढाथोकी
९३- सबिना हुसेन
९४- मुकुन्द न्यौपाने
९५- निरा देवी वैद्य